# चौदण्डीगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

☎ 035-440247
chaudandigadhimun@gmail.com
www.chaudandigadhimun.gov.np


पत्र संख्याः-२०८०/०८१
चलानी नम्बरः- २६८१

मितिः२०८०।११।११

विषयः नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् संकलन सम्बन्धी दण्ड जरिवाना सम्बन्धमा।

श्री सरोकारवाला व्यक्ति,फर्म वा निर्माण कम्पनी सबै
चौदण्डीगढी नगरपालिका, उदयपुर।

प्रस्तुत विषयमा कोशी प्रदेश सरकारको प्रदेश आर्थिक ऐन,२०८०, मिति २०८०।०८।१५ गते आन्तरिक मामिला तथा कानून मन्त्रालय अन्तर्गत प्रदेश राजपत्रमा प्रकाशन भएको व्यहोरा जानकारीको लागि अनुरोध छ। उक्त आर्थिक ऐन, २०८० को दफा ७ को अनुसूची- ५ मा प्राकृतिक श्रोत संकलन तथा विक्रि शुल्क, दस्तुर उठाउने दरेरटको व्यवस्था रहेको तथा सोही आर्थिक ऐन,२०८० को अनुसूची -१० मा नदीजन्य पदार्थ वा प्राकृतिक श्रोतको नियम विपरित विना अनुमति मेशिनरी औजारको प्रयोग गरी उत्खनन वा संकलन गरी प्रचलित कानूनको उलंघन गरेको पाइएमा जरिवाना तिर्नुपर्ने व्यवस्था रहेकाले तोकिएको स्थानबाट अनुमति लिएर मात्र नियमानुसार ढुंगा,गिट्टी,वालुवा जस्ता निर्माण सामग्रीहरु उत्खनन संकलन तथा ओसार पसार गर्न हुन र एक सचेत नागरिक भई कोशी प्रदेश सरकारको कानून कार्यान्वयमा सहयोग पुऱ्याईदिनु हुन सचेत नगरवासी नागरिक, सरोकारवाला व्यक्ति,फर्म वा निर्माण कम्पनी सबैमा चौदण्डीगढी नगरपालिका अनुरोध गर्दछ। अन्यथा प्रचलित कानून बमोजिम तपसिल बमोजिम जरिवाना हुने व्यहोरा समेत जानकारी लागि अनुरोध गरिन्छ।

**दण्ड जरिवाना :-**

तपसिल :-

| क्र.स. | कसुरको किसिम | दण्ड जरिवाना रु. | कैफियत |
|---|---|---|---|
| १. | क) विना अनुमति मेशिनरी औजार प्रयोग गरी उत्खनन वा संकलन गरेको पाइएमा, वा<br>ख) तोकिएको भन्दा वढी गहिराईमा उत्खनन् गरेमा, वा<br>ग) नदीको वहाव परिर्तन गरी उत्खनन गरेमा (प्रति मेशिन वा साधन), वा<br>घ)निषेधित क्षेत्रमा उत्खनन वा संकलन गरेमा, वा<br>ङ) नदिजन्य पदार्थ वा प्राकृतिक श्रोतको नियम विपरित उत्खनन, निकासी वा विक्रि वितरण, वा | १,००,०००।– जरिवाना,उत्खनन र संकलन गरेको सामग्री जफत र तोकिएको विक्रि शुल्कको दोव्वर शुल्क असुल गरिने। | |

सुधाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

चौदण्डीगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
कोशी प्रदेश, नेपाल
☎ 035-440247
chaudandigadhimun@gmail.com
www.chaudandigadhimun.gov.np

पत्र संख्याः-२०८०/०८१
चलानी नम्बरः-

| | | | |
|---|---|---|---|
| | च) विहान ६ बजे देखि बेलुकी ६ बजे पश्चात उत्खनन वा संकलन गरेमा (विहान सुर्यउदय देखि वेलुका सूर्यअस्तपूर्वको समयभित्र) | | |
| २. | नदीको वहाव वा पानी बगेको क्षेत्रमा प्रवेश गरी वा संकलन गरेमा (प्रति मेशिन वा साधनको) | | |
| | क) मेशिन, स्काभेटर, व्याक हो लोडर | २,००,०००।- | |
| | ख) ट्रिफर वा ट्रक | १,००,०००।- | |
| | ग) मिनि ट्रक | ७५,०००।- | |
| | घ) टयाक्टर | ५०,०००।- | |
| ३. | तोकिएको भन्दा बढी संख्यामा मेसिन प्रयोग गरेको पाइएमा (प्रति मेशिन) | ५०,०००।- | |
| ४. | राजमार्ग र मुख्य सडकको अधिकार क्षेत्रमा संकलन वा संचय (भण्डारण) गरेमा | ५०,०००।- | |
| ५. | क्र.स.२ देखि ४ सम्मको कसुर पुन:दोहोरिएमा | तोकिएको जरिवानाको दोव्वर जरिवाना | |
| ६. | क) पानी, हिलो धुलो वा गिट्टी चुहाउँदै वा झार्दै नदीजन्य सामग्रीको ढुवानी गरेमा, वा<br>ख) प्रत्येक पटकको ढुवानीमा राजश्व तिरेको निस्सा वा भ्याट विल र चलान पुर्जा साथमा रहेको नभेटिएमा वा<br>ग) उत्खनन, विक्रि वा ढुवानी अभिलेख नराखेमा, उत्खनन स्थानमा सूचना पाटी नराखेमा | ५०००।-प्रतिपटक, पटकेमा दोव्वर,तेव्वर हुँदै जाने | यस नगरपालिकाको आर्थिक ऐन,२०८० प्रदेश आर्थिक ऐनसँग नबाँझिएको हदसम्म मात्र लागु हुनेछ। |
| ७. | क) निजी जग्गाको अप्रशोधित सामग्रीको ढुवानीका हकमा स्थानीय तहले जारी गरेको उत्खनन अनुमतिपत्र, प्रत्येक पटकको चलान पुर्जा र राजश्व तिरेको निस्सा साथमा नभिटिएमा, वा<br>ख) प्रचलित कानूनले अनुमति दिएको क्षमता भन्दा बढी ढुवानी गरेमा, वा<br>ग) रुट तोकिएको भए तोकिएको रुट वाहेकको रुट,समय,गति वा संख्यामा ढुवानी गरेमा, वा<br>घ) खानीजन्य पदार्थको ढुवानी गर्दा प्रत्येक पटकको ढुवानीमा खानी संचालक वा खानीजन्य पदार्थको ढुवानी गर्दा प्रत्येक पटकको ढुवानीमा खानी संचालक | १५०००।- प्रतिपटक, पटकेमा दोव्वर,तेव्वर हुँदै जाने | निजी जग्गाको उत्खनन् इजाजतको हकमा प्रचलित कानूनले तोकेको कागजातका आधारमा हुनेछ। |

पौडेल
२०८०।११।११

सुधाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

चौदण्डीगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेल्टार, उदयपुर
कोशी प्रदेश, नेपाल
☎ 035-440247
chaudandigadhimun@gmail.com
www.chaudandigadhimun.gov.np

पत्र संख्याः-२०८०/०८१
चलानी नम्बरः-

| | | | |
|---|---|---|---|
| | वा खानीजन्य उद्योगको चलान पुर्जी विना ढुवानी गरेमा वा तोकिएको रुटभन्दा अन्यन्त्रबाट उत्खनन् गरेको पदार्थ ढुवानी गरेमा | | |
| ८. | जिल्ला अनुगमन समितिले मौज्दात प्रमाणित गर्दा खरिद विक्रि परिमाणमा हिसाव मिलान नभएर कैफियत देखिएमा यो बरावरको परिमाणमा जरिवाना | २५ रुपैयाँ प्रति घनफिट | |
| ९. | क) नदीजन्य प्राकृतिक श्रोत साधन प्रशोधन गर्ने उद्योगले प्रचलित कानून वा मापदण्ड विपरित क्रसिङ,वासिङ वा अन्य प्रशोधन कार्य गरेमा वा सो कार्य गर्ने उद्योग संचालन गरेमा (वार्षिक दण्ड जरिवाना), वा<br>ख) कुनै निकायमा दर्ता नभई नदीजन्य प्राकृतिक श्रोत प्रशोधन उद्योग संचालन गरेमा वार्षिक दण्ड जरिवाना (सुरुमिति देखि गणना हुने गरी हालसम्म), वा<br>ग) कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गरेपनि सम्बन्धित निकायबाट इजाजत नलिई नदीजन्य प्राकृतिक श्रोत प्रशोधन उद्योग संचालन गरेका वार्षिक दण्ड जरिवाना (सुरुमिति देखि गणना हुने गरी हालसम्म), वा<br>घ) कम्पनी दर्ता गरी, इजाजत लिई प्रशोधन उद्योग संचालन गरेतापनि सम्बन्धित निकायबाट इजाजत नविकरण नगरी उद्योग व्यवसाय संचालन गरेमा वार्षक दण्ड जरिवाना (इजाजत नवीकरण नभएको वर्षदेखि गणना हुने गरी) | ठूला उद्योग १,००,०००।-<br>मझौला उद्योग ७५,०००।-<br>साना उद्योग ५०,०००।- | |
| १०. | यस अनुसूची बमोजिमको कसुर मानिने कार्य गरेमा सुराकी दिनेलाई नियमानुसार जरिवाना वापत प्राप्त रकमको दश प्रतिशत पुरस्कार स्वरुप दिइनेछ। साथै कसुर मानिने कार्य गर्नेलाई पक्राउ गरी जरिवाना गराई बुझाउने व्यक्ति वा संस्थालाई जरिवाना वापत प्राप्त रकमको पच्चीस प्रतिशत रकम प्रदेश कानून बमोजिम पुरस्कार स्वरुप दिईनेछ। | | |

२०८०.११।११

सुभाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

सुभाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत